# घोषणा

प्रस्तुत **"छाउपडी प्रथाको वर्तमान अवस्था"** सम्बन्धी विषयको शोधपत्र अन्य कुनै उपाधि वा प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यो शोधपत्र मेरो आफ्नै मौलिक अध्ययन-अनुसन्धान हो । यस अध्ययनमा प्रस्तुत गरिएका विषयवस्तु विगतमा पूरा भई बुझाइएका अनुसन्धान प्रतिवेदनभन्दा फरक छन् । अन्य स्रोतबाट लिइएका र उद्धरण गरिएका सामग्रीहरू सन्दर्भ सूचीमा उल्लेख गरिएको छ ।

.........................

पूर्ण बहादुर खड्का

मिति : .........................

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
डोटी बहुमुखी क्याम्पस
सिलगढी, डोटी

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, डोटी बहुमुखी क्याम्पसको समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आशिंक आवश्यकता पूर्तिका लागि मेरो निर्देशन तथा सुपरिवेक्षणमा शोधकर्ता पूर्ण बहादुर खड्काले **"छाउपडी प्रथाको वर्तमान अवस्था : अछाम जिल्ला मङ्गलसैन नगरपालिका - ३ लाच्छिमनामा गरिएको अध्ययन"** शीर्षकमा यो शोधपत्र तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्रको अन्तिम मूल्यांकनका लागि सिफारिस गर्दछु ।

..............................

शान्ता हमाल
शोधनिर्देशक
समाजशास्त्र विभाग
डोटी बहुमुखी क्याम्पस, डोटी

मिति : .........................

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिकशास्त्र सङ्काय
# डोटी बहुमुखी क्याम्पस
# सिलगढी, डोटी

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिका लागि शोधकर्ता पूर्ण बहादुर खड्काले "**छाउपडी प्रथाको वर्तमान अवस्था : अछाम जिल्ला मङ्गलसैन नगरपालिका - ३ लाच्छिमनामा गरिएको अध्ययन**" शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

विभागीय प्रमुख
राजेन्द्र प्रसाद भट्ट

शोधनिर्देशक
शान्ता हमाल

बाह्य निरीक्षक
तिकल बहादुर बम

मिति : ..........................

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, डोटी बहुमुखी क्याम्पस सिलगढी, डोटीको मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको समाजशास्त्र विषयको प्रयोजनका लागि प्रस्तुत **“छाउपडी प्रथाको वर्तमान अवस्था : अछाम जिल्ला मङ्गलसैन नगरपालिका - ३ लाच्छिमनामा गरिएको अध्ययन”** शीर्षकमा रहेको यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय दिई उपयुक्त निर्देशन, सल्लाह-सुझाव, प्रेरणा र हौसला दिनुहुने मेरा शोध निर्देशक डोटी बहुमुखी क्याम्पस सिलगडी, डोटीका आदरणिय गुरु शान्ता हमाल ज्यूप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । यसैगरी छाउपडी प्रथासम्बन्धी वर्तमान अवस्थाका विषयमा शोध गर्ने अनुमति र अध्ययन गर्ने अवसर प्रदान गरेकोमा डोटी बहुमुखी क्याम्पसका साथै समाजशास्त्र विभागप्रति आभारी छु ।

शोधपत्र लेखनका क्रममा सल्लाह-सुझाव प्रदान गर्नुहुने डोटी क्याम्पसका आदरणीय गुरु तिलक पाण्डेय ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधका क्रममा आवश्यक सूचना उपलब्ध गराई सहयोग गर्नुहुने अछाम जिल्ला मङ्गलसैन नगरपालिका वडा नं. ३ का किशोरी तथा महिलाहरूलाई पनि हार्दिक धन्यवाद दिन्छु । साथै शोधपत्र लेखनका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने महानुभाव, सहपाठी मित्रका साथै थप हौसला प्रदान गर्ने मेरो परिवारप्रति नतमस्तक छु ।

**पूर्ण बहादुर खड्का**

**शोधकर्ता, २०८०**

# शोधसार

**"छाउपडी प्रथाको वर्तमान अवस्था : अछाम जिल्ला मङ्गलसैन नगरपालिका - ३ लाच्छिमनामा गरिएको अध्ययन"** शीर्षकमा गरिएको अध्ययन हो । यस अध्ययनको उद्देश्य 'छाउपडी' प्रथाको वर्तमान अवस्था, महिला तथा किशोरीहरूका भोगाइ र अनुभूति एवं समाजको धारणा विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनका लागि सम्भावनायुक्त विधिअन्तर्गत असमानुपातिक स्तरीकृत नमुना छनोट विधिबाट महिनावारी हुने किशोरीदेखि प्रौढ एवं वृद्ध गरी ३० जना महिलाहरू छनोट गरिएको छ । आवश्यक तथ्याङ्कहरू अन्तर्वार्ता, सामूहिक छलफल र अवलोकन विधिद्धारा सङ्कलन गरिएको छ । अध्ययन क्षेत्रमा महिनावारी एक सामाजिक कुप्रथाका रुपमा, धर्म तथा संस्कृतिसँग जोडेर अपवित्र, अछुतो र रुढीवादी प्रथाका रूपमा रहेको छ ।

यस अध्ययनमा छनोट भएका सहभागीहरूले 'छाउपडी' प्रथालाई पालना गरेको पाइन्छ । अधिकांश महिला छाउपडी गोठमा बस्छन् भने केही महिला घरको अलग कोठामा बसे पनि छाउपडी बार्ने गरेका छन् । परम्परागत अभ्यास, सामाजिक संरचना र घरपरिवारका कारण महिला तथा किशोरीहरू छाउपडी प्रथा मान्न बाध्य छन् । युवा पुस्तामा छाउपडीप्रतिको सोचमा परिवर्तन भए पनि व्यवहार परिवर्तन हुन सकेको छैन ।

छाउपडी प्रथाका कारण गोठमा बस्दा शारीरिक रूपमा अस्वस्थ भइने, बाघ-भालुको डर हुने, सरसफाइ गर्न असहज हुने पोषिलो खानेकुरा खान नपाइने, एकसरो लुगामा बस्नुपर्ने, अँध्यारो भ्याल नभएको कोठामा बस्दा दुःख हुने अनुभूति सहभागीहरु को रहेको छ ।

रुढीवादी मान्यताका कारण धर्म र संस्कृतिलाई जोडर छाउपडी प्रथालाई बार्नुपर्ने समाजको पुरानो पुस्ताको धारणा छ । तर नयाँ पुस्ता भने महिनावारी हुनु भनेको एक नियमित प्रक्रिया भएकाले यसलाई परम्परागत मान्यताभन्दा माथि उठेर छाउपडी प्रथालाई परिवर्तन गर्नुपर्ने धारणा राख्दछ ।

फलस्वरूप छाउपडी प्रथा अन्त्यका लागि नीति, नियम तथा कानुन बनाएर जबरजस्ती छाउपडी गोठ भत्काइए पनि महिनावारी हुँदा गरिने व्यवहार, क्रियाकलाप तथा सम्बन्धमा पुरानै परम्परा कायम रहेको छ । तर्सथ समाज तथा घरपरिवारका हरेक सदस्यहरूले छाउपडीप्रतिको दृष्टकोण परिवर्तन गरी व्यवहारमा लागु गर्न जरुरी रहेको छ ।

# विषयसूची

**घोषणा** I

**सिफारिस पत्र** II

**स्वीकृति पत्र** III

**कृतज्ञता ज्ञापन** IV

**शोधसार** V

**विषयसूची** VII

**चित्रसूची** VIII

**तालिकासूची** VIII

**पूर्णरुप** VIII

**अध्याय एक : शोधपरिचय** १

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ६

१.४ अध्ययनको महत्व ६

१.५ अध्ययनको सीमा ७

१.६ अध्ययनको सङ्गठनात्मक स्वरूप ८

**अध्याय दुई : साहित्यको पुनरावलोकन** ९

२.१ सैद्धान्तिक समीक्षा ९

  २.१.१ विश्व परिदृष्य १३

  २.१.२ हिन्दू धारणा १५

२.२ छाउपडी सम्बन्धी पूर्वकार्यको समीक्षा १६

२.३ नीतिगत समीक्षा २४

२.४ अवधारणात्मक ढाँचा २६

**अध्याय तीन : अनुसन्धान पद्धति** २८

३.१ अध्ययन क्षेत्र छनोट र औचित्य २८

३.२ अनुसन्धान ढाँचा २८

३.३ तथ्याङ्कको प्रकृति र स्रोतहरू २८
३.४ समग्रगता र नमुना छनोट २९
३.५ तथ्याङ्क सङ्कलन पद्धति र उपकरण २९
३.५.१ अन्तर्वार्ता २९
३.५.२ समूहगत छलफल ३०
३.५.३ अवलोकन ३०
३.५.४ घटना अध्ययन ३१
३.६ तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण विधि ३१
३.६.१ कथन विश्लेषण ३१
**अध्याय चार : तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या तथा विश्लेषण ३३**
४.१ अध्ययन क्षेत्रको परिचय ३३
४.१.१ अछाम जिल्लाको परिचय ३३
४.१.२ मङ्गलसैन नगरपालिकाको परिचय ३३
४.२ छाउपडी प्रथाको वर्तमान अवस्था ३४
४.२.१ उत्तरदाताहरूको परिचयात्मक विवरण ३४
४.२.२ छाउपडी प्रथामा गरिने क्रियाकलाप, व्यवहार र सम्बन्ध ३७
४.३ छाउपडी प्रथाको अनुभूति ४२
४.३.१ शिक्षित तथा अशिक्षित अनुसार ४२
४.३.२ जात अनुसार ४४
४.३.३ उमेर अनुसार (युवा तथा वृद्ध) ४५
४.४ समाजको धारणा ४७
**अध्याय पाँच : सारांश र निष्कर्ष ५०**
५.१ सारांश ५०
५.२ निष्कर्ष ५२
**सन्दर्भ सामग्रीहरू ४३**
**अन्तर्वार्ताका लागि (प्रश्नहरू) अनुसूची ५६**

| | |
|---|---|
| अनुसूची १ | ५७ |
| अनुसूची २ | ५८ |
| अनुसूची ३ | ५९ |

| | |
|---|---|
| **अध्ययन क्षेत्रमा भएका छाउपडी गोठका तस्वीरहरू** | ६० |
| **अछाम जिल्लाको नक्सा** | ६८ |

| चित्र सङ्ख्या | चित्रको सूची | पृष्ठ |
|---|---|---|
| चित्रः १ | अवधारणात्मक ढाँचा | २७ |

| तालिका सङ्ख्या | तालिका सूची | पृष्ठ |
|---|---|---|
| तालिका नं. १ | उत्तरदाताहरूको परिचयात्मक विवरण | ३५ |


**पूर्णरूप**

| | | |
|---|---|---|
| एनएचआरसी (NHRC) | : | राष्ट्रिय मानव अधिकार आयोग |
| डब्लुएचओ (WHO) | : | विश्व स्वास्थ्य संगठन (World Health Organazation) |
| डब्लु एचआर (WHR) | : | महिला मानव अधिकार (Women's Human Rights) |
| जिसस | : | जिल्ला समन्वय समिती, अछाम |
| जिप्रका | : | जिल्ला प्रशासन कार्यालय अछाम |